# धुर्कोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बर्बोट, गुल्मी

प.सं.:२०८२/०८३
च.न.: —

लुम्बिनी प्रदेश, नेपाल

धुर्कोट गाउँपालिका क्षेत्र भित्रबाट फलाम सिसा ,कागज लगायत कानूनले तोकेका अन्य कबाडीजन्य वस्तुको निकासी कर असुल गर्न सम्बन्धी

**बोलपत्र आह्वानको सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०५/२२

यस धुर्कोट गाउँपालिकाबाट आर्थिक वर्ष ०८२/८३ को अवधिका लागि धुर्कोट गाउँपालिकाको निर्णय बमोजिम गाउपालिकाको क्षेत्र भित्रबाट फलाम सिसा ,कागज लगायत कानूनले तोकेका अन्य कबाडीजन्य वस्तुको निकासी कर संकलन गर्न बढाबढद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले तपशिल बमोजिमका शर्तको अधिनमा रही तोकिएको अवधिभित्र सिलबन्दी बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्मको कार्यालय समय भित्र सम्बन्धित आपूर्ती कर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको संस्था, फर्म वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, आर्थिक वर्ष ०८०/०८१ को कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, निर्माण व्यवसायी इजाजत पत्र संलग्न राखि निवेदन पेश गरे पश्चात् नियमानुसार तोकिएको दस्तुर लिई बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

२. सिलबन्दी बोलपत्र १६ औ दिनको दिन दिउसो १२.०० बजे सम्म कार्यालयमा पेश गरि सक्नु पर्नेछ ।

३. बोलपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशत धरौटी रकम धुर्कोट गाउँपालिकाको सनराइज बैक लि. बर्बोट, गुल्मीमा रहेको धरौटी खाता नं.०८१०५०१३०७७०१००२ मा जम्मा गरेको सक्कल बैक भौचर पेश गर्नुपर्ने छ । साथै बैक ग्यारेन्टीलाई समेत मान्यता दिइने छ ।

४. तोकिएको समय भित्र पेश भएका बोलपत्र सोही दिनको दिउसो २.०० बजे कार्यालयमा खोलिने छ ।

५. स्वीकृत कबोल गरेको रकम बढीमा तीन किस्ता गरि बुझाउनु पर्नेछ । सम्झौता गर्दा एक मुष्ठ बुझाउन चाहेमा आफुले कबोल गरेको अङ्कको १० प्रतिशतले हुने रकम छुट दिईनेछ ।

६. कबोल गरेको रकम अङ्क र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ । बोलपत्र स्वीकृत भएपछि ठेक्का सम्झौतापूर्व प्रथम किस्ता बापत कबोल अंकको २५ प्रतिशत रकम दाखिला गर्नु पर्नेछ । अन्य किस्ताको बाँकी बापत बैक ग्यारेन्टी (परफरमेन्स बण्ड) बनाइ पेश गर्नुपर्ने छ । रित नपुगि वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. नियमानुसार लाग्ने सम्पूर्ण कर व्यवसायी स्वयंले व्यहोर्नु पर्नेछ ।

८. धुर्कोट गाउँपालिकाको कार्यालयले समय समयमा दिइएको नीति निर्देशन तथा आदेशको पालना गर्नु ठेक्का सम्झौता कर्ताको कर्तव्य हुनेछ । ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार धुर्कोट गाउँपालिकामा निहित रहनेछ ।

९. धुर्कोट गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्महरूको दरभाउ पत्र स्वीकृत हुने छैन ।

१०. दरभाउ सम्बन्धी सूचना यस कार्यलयको सूचना पाटी तथा गाउँपालिकाको वेवसाईट www.dhurkotmun.gov.npमा पनि हेर्न सकिने छ ।

११. अन्य शर्तहरू सम्झौताका बखत सम्झौता पत्रमा निर्धारण हुनेछ ।

१२. यस सूचनामा नपरेका अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ ।

१३. अन्य थप जानकारीको लागि ९८५७०२३३४४, ९८६७९२३८२० मा सम्पर्क गर्न सक्नु हुनेछ

तपशिल

| ठेक्का नं. | मालवस्तुको विवरण | न्युनतम कबोल अङ्क | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ७ /०८२/८३ | गाउपालिकाको क्षेत्र भित्रबाट फलाम सिसा ,कागज लगायत कानूनले तोकेका अन्य कबाडीजन्य वस्तुको निकासी कर संकलन कार्य | १,२०,०००। | रू१,०००।- | |

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत